# स्वारेजको दुई गोलसँगै एट्लेटिको विजयी

**एजेन्सी**
**म्याड्रिड, ६ असोज**

उरुग्वेली स्ट्राइकर लुइस स्वारेज चम्किनुभएपछि साबिक विजेता एट्लेटिको म्याड्रिडले स्पेनिस ला लिगामा गेटाफेविरुद्ध पुनरागमन जित निकालेको छ ।

मंगलबार राति भएको खेलमा एट्लेटिकोले गेटाफेलाई उसैको मैदानमा २-१ गोलले हरायो । १० खेलाडीमा समेटिएको गेटाफे सुरुवाती अग्रता लिएर पनि हार खेप्न बाध्य भयो । एट्लेटिकोको जितमा दुवै गोल लुइस स्वारेजले गर्नुभयो । गेटाफेका स्टेफन मित्रोभिकले सुरुवाती गोल गर्नुभएको थियो ।

प्रतिस्पर्धात्मक खेलमा गेटाफेले ४५औं मिनेटमा अग्रता लिएको थियो । स्टेफनले हेड गोल गर्दै घरेलु टोलीको उत्साह जगाउनुभयो । तर, गेटाफेको खुसी लामो समय टिकेन । ७४औं मिनेटमा गेटाफे १० खेलाडीमा समेटियो । कार्लेस एलेना दोहोरो पहेलो (रातो) कार्ड पाउँदै बाहिरिनुभएपछि गेटाफे दबाबमा देखिएको थियो । जसको फाइदा पाहुना टोली एट्लेटिकोले भरपूर उठायो ।

६८ प्रतिशत बल पोसेसन राखेको एट्लेटिकोले ६८औं मिनेटमा बराबरी गोल फर्काएको थियो । स्वारेजले मारियो हर्मोसोको पासमा गोल गर्दै खेललाई बराबरीमा ल्याउनुभयो । त्यसपछि इन्ज्युरी समयमा स्वारेजले व्यक्तिगत दोस्रो गोल गर्दै टोलीलाई महत्त्वपूर्ण जित दिलाउनुभयो । स्वारेजले सिम भर्सलज्कोको पासमा हेड गोल गर्नुभएको थियो । यससँगै स्वारेजले जारी सिजनमा तीन गोल गर्नुभएको छ । स्वारेज 'म्यान अफ दी म्याच' हुनुभयो ।



जितसँगै एट्लेटिकोले लिगमा अपराजित यात्रा पनि कायम राखेको छ । शीर्षस्थानमा उक्लिएको एट्लेटिकोको ६ खेलबाट १४ अंक छ । अंकविहीन गेटाफे १९औं स्थानमा छ । दोस्रो स्थानमा रहेको रियल म्याड्रिडले पाँच खेलबाट १३ अंक बनाएको छ । तेस्रो र चौथो स्थानमा रहेको भ्यालेन्सिया र रायो भालेकानोको समान १० अंक छ ।

मंगलबार राति नै भएको अर्को खेलमा रायो भालेकानोले एथ्लेटिक बिल्बाओलाई उसैको मैदानमा २-१ गोलले हराउँदै चौथो स्थानमा उक्लिएको हो । रायो भालेकानोको जितमा अल्भारो गार्सियाले पाँचौं र राडामेल फाल्काओले दोस्रो हाफको इन्ज्युरी समयमा गोल गर्नुभयो ।

बिल्बाओले आत्मघाती गोल उपहार पाएको थियो । ३३औं मिनेटमा रायो भालेकानोका पाथे सिसको प्रहार आत्मघाती गोलमा परिणत भएको थियो । पराजित बिल्बाओ नौ अंकसहित छैटौं स्थानमा छ । अर्को खेलमा सेल्टा भिगोले लिभान्तेलाई २-० गोलले पराजित गरेको छ ।

# नेपालले ओमानसँग मैत्रीपूर्ण खेल खेल्ने

**हिमालय टाइम्स**
**काठमाडौं, ६ असोज**

नेपाली राष्ट्रिय फुटबल टोलीले ओमानको राष्ट्रिय टोलीबीच मैत्रीपूर्ण खेल खेल्ने भएको छ । अखिल नेपाल फुटबल संघ (एन्फा) का अनुसार नेपाल र ओमानबीचको खेल आइतबार दोहास्थित कतार विश्वविद्यालयको मैदानमा हुनेछ । उक्त खेल स्थानीय समयअनुसार साँझ ७ बजे सुरु हुनेछ ।

साफको तयारीका लागि हाल नेपाली फुटबल कतारमा प्रशिक्षण गरिरहेको छ । नेपालले कतारमा १६ दिन प्रशिक्षण गर्दैछ । साफ १ देखि १६ अक्टोबरसम्म माल्दिभ्सको राजधानी मालेमा हुनेछ । यसअघि नेपालले शनिबार दोहामा स्थानीय अलबिदा स्पोर्ट्स क्लबसँग मैत्रीपूर्ण खेल खेलेको थियो । खेलमा अञ्जन विष्ट र अनन्त तामाङले गोल गर्नुभएपछि नेपाली टोली २-० ले विजयी भएको थियो ।

ओमानसँगको मैत्रीपूर्ण खेलपछि नेपाली टोली असोज ११ गते साफ च्याम्पिनसिप आयोजनास्थल माल्दिभ्स जाने कार्यक्रम



छ । माल्दिभ्समा असोज १५ गतेबाट साफ च्याम्पियनसिप सुरु हुँदैछ ।

यसअघि नेपालले गत १७ र २० भदौमा साफ च्याम्पिनसिप तयारीका लागि भारतसँग दुई मैत्रीपूर्ण खेल खेलेको थियो । दशरथ रंगशालामा भएको पहिलो मैत्रीपूर्ण खेल १-१ को बराबरीमा समाप्त भएको थियो । दोस्रो खेल भारतले २-१ गोलअन्तरले आफ्नो पक्षमा पारेको थियो ।

त्यसपछि नेपाली टोली थप तयारीका लागि कतार पुगेको हो । कतारमा प्रशिक्षणरत २५ सदस्यीय नेपाली टोलीमा किरण चेम्जोङ, विशाल श्रेष्ठ, दीप कार्की, विकेश कुथु, सुमन अर्याल, दिनेश राजवंशी, गौतम श्रेष्ठ, अनन्त तामाङ, रोहित चन्द, सुरजज्यु ठकुरी, सुमन लामा, कमल थापामगर, नितिन थापा, तेज तामाङ, राजन गुरुङ, पुजन उपरकोटी, विशाल राई, सन्तोष तामाङ, सुजल श्रेष्ठ, सुनिल बल, मनिष डाँगी, अञ्जन विष्ट, आयुष घलान र नवयुग श्रेष्ठ र आशिष लामा हुनुहुन्छ ।

साफ अक्टोबर १ देखि १६ सम्म माल्दिभ्सको मालेस्थित राष्ट्रिय रंगशालामा हुनेछ । नेपालले आयोजक माल्दिभ्ससँग असोज १५ गते, दोस्रो खेल श्रीलंकासँग असोज १८ गते, तेस्रो खेल भारतसँग असोज २४ गते तथा लिग चरणको अन्तिम खेल बंगलादेशसँग असोज २७ गते खेल्ने तालिका रहेको एन्फाले जनाएको छ ।

नेपाल, भारत, श्रीलंका, बंगलादेश र माल्दिभ्स सम्मिलित उक्त प्रतियोगिताको लिग चरणको खेलपछि शीर्ष दुई टोली उपाधिका लागि असोज ३० गते भिड्नेछन् । भारतसितको मैत्रीपूर्ण खेलपछि नेपाली टोली दक्षिण एसियाली फुटबल प्रतियोगिता (साफ) को तयारी गर्न कतारको दोहा गएको छ । नेपाली टोली भदौ २५ गते दोहा गएको हो ।

यसपटक साफ च्याम्पियनसिपमा नेपाल र भारतबीच असोज २४ गते खेल हुनेछ । च्याम्पियनसिप राउन्ड रोबिनका आधारमा हुनेछ । शीर्ष दुई टोलीले असोज ३० गते फाइनल खेल्नेछन् ।

# रत्नजित र रशिलालाई उपाधि

**काठमाडौं/हिटा ।** शीर्ष वरीयताका विभागीय त्रिभुवन आर्मी क्लबका रत्नजित तामाङ र विभागीय त्रिभुवन आर्मी क्लबकी रशिला महर्जनले प्रथम रिभाइभ लिजर पार्क खुला राष्ट्रिय ब्याडमिन्टन च्याम्पियनसिपको उपाधि जित्नुभएको छ । रत्नजित पुरुष एकलतर्फ तथा रशिला महिला एकलमा च्याम्पियन बन्नुभएको हो ।

ललितपुर महालक्ष्मीस्थानस्थित रिभाइभ लिजर पार्कको कोर्टमा भएको फाइनलमा शीर्ष वरीयताका रत्नजितले विश्व जुनियर वरीयताको तेस्रो स्थानमा रहेका आयोजक रिभाइभ लिजर पार्कका प्रिन्स दाहाललाई २-१ को सेटमा हराउँदै च्याम्पियन बन्नुभएको हो ।

रत्नजितले प्रिन्समाथि २०-२२, २१-१९ र २१-१३ को जित निकाल्नुभयो । उपाधिसँगै रत्नजितले ५० हजार रुपैयाँ हात पार्नुभयो । दोस्रो भएका प्रिन्सले २५ हजार रुपैयाँ तथा तेस्रो भएका प्रफुल महर्जन र साजनकृष्ण ताम्राकारले समान १०-१० हजार रुपैयाँ हात पार्नुभयो ।

महिला एकलतर्फ आर्मीकी रशिला महर्जनले आफ्नै क्लबकी अनु माया राईलाई २१-८, १७-२१ र २२-२० को जित निकाल्नुभयो । उपाधिसँगै रशिलाले ५० हजार रुपैयाँ हात पार्नुभयो । दोस्रो हुनुभएकी अनुले २५ हजार रुपैयाँ तथा तेस्रो भएकी जेसिका गुरुङ र अमिता गिरीले समान १०-१० हजार रुपैयाँ हात पार्नुभयो ।

शीर्ष २० देखि बाहेकका पुरुष युगलतर्फ मनकामना स्पोर्ट्स क्लबका विशाल बस्नेत र प्रनिससिंह ठकुरीको जोडीले साइनो स्पोर्ट्स क्लबका राम बानियाँ र सुजन थापाको जोडीलाई २१-१६, १७-२१ र २१-१८ ले पराजित गर्दै उपाधि जित्न सफल हुनुभयो । उपाधिसँगै विशाल बस्नेत र प्रनिससिंह ठकुरीको जोडीले ५० हजार तथा दोस्रो भएको राम बानियाँ र सुजन थापाको जोडीले २५ हजार रुपैयाँ प्राप्त गर्नुभयो । तेस्रो भएका प्रियान्सु सिंह क्षेत्री र पेम्बा शेर्पा र विधान अधिकारी र विशाल खड्काको जोडीले समान १०-१० हजार रुपैयाँ हात पार्नुभयो ।

भेट्रान्स ४५ वर्षमाथि युनिक स्पोर्ट्स नेपालगञ्जका अनिल लाखे र चितवनका सुभास श्रेष्ठको जोडीले रिभाइभ लिजर पार्कका रामशरण केसी र हरि खत्रीको जोडीलाई १९-२१, २१-१४ र २१-१९ ले पराजित गर्दै च्याम्पियन बन्नुभयो ।

उपाधिसँगै सुभास र अनिलको जोडीले २५ हजार रुपैयाँ हात पार्नुभयो । दोस्रो भएका रामशरण केसी र हरि खत्रीको जोडीले १५ हजार तथा तेस्रो भएका राम केसी र मिलान थापाको जोडी र किशोर व्यञ्जनकार र सुदिन शाक्यको जोडीले समान पाँच/पाँच हजार प्राप्त गर्नुभयो । १ असोजदेखि सुरु भएको च्याम्पियनसिपमा पुरुष एकल, महिला एकल, शीर्ष २० देखि बाहेकका पुरुष युगल र ४० वर्षमाथिको भेट्रान्स युगल गरी चार विधामा दुई सय बढी खेलाडीले सहभागिता जनाएका थिए ।

# कीर्तिमानी खेलाडी पलेशा सम्मानित

**काठमाडौं/हिटा ।** टोकियो पारालिम्पिकमा उत्कृष्ट प्रदर्शन गर्नुभएकी तेक्वान्दो खेलाडी पलेशा गोवर्द्धन एक लाख नगदसहित सम्मानित हुनुभएको छ । नेपाल तेक्वान्दो संघ उपाध्यक्ष एवं सुमेरु ग्रुपका अध्यक्ष भरत महर्जनले पूर्वघोषित पुरस्कार मंगलबार पलेशालाई प्रदान गर्नुभएको हो । महर्जनले पलेशालाई उक्त रकम बराबरको चेक हस्तान्तरण गर्नुभयो ।

टोकियो पारालिम्पिकमा पलेशाले दुई खेल जित्नुभएको हो । मुख्य 'ड्र' को पहिलो खेलमा पलेशा बेलायतकी खेलाडीसँग पराजित हुनुभयो । रिपाचेजमा अमेरिका र सर्बियाकी खेलाडीलाई हराएर पदकनजिक पुगेकी पलेशा फाइनलमा चीनकी खेलाडीसँग चुक्नुभएको थियो ।

पलेशाले रिपाचेजको पहिलो खेलमा अमेरिका र दोस्रोमा सर्बियाका खेलाडीलाई पराजित गर्दै इतिहास रच्नुभएको थियो । कुनै पनि ओलम्पिकमा दुई फाइट जित्ने पलेशा पहिलो नेपाली खेलाडी बन्दै ऐतिहासिक प्रदर्शन गर्नुभएको हो । पहिलो खेलमै बेलायतकी खेलाडीसँग पराजित भए पनि उहाँले रेपेचेजमा कास्य पदकका लागि प्रतिस्पर्धा गर्ने मौका पाउनुभएको थियो । त्यसमा लगातार दुई खेल जित्दै उहाँ रेपेचेजको फाइनलमा पुग्नुभयो । फाइनलमा चीनकी युजी लीलाई कडा टक्कर दिए पनि अन्त्यमा १२-९ को अन्तरमा खेल गुमाउँदै उहाँ पदकबाट वञ्चित हुनुपऱ्यो ।


बरियारपट्टी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बरियारपट्टी, सिरहा
प्रदेश नं. २, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सुचना**

यस बरियारपट्टी गाउँपालिका मिति २०७८/०५/०१ गते राजधानी राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित ठेक्का नं. BRM/03/2078/079 को सुचना अनुसार रीतपूर्वक दाखिला हुन आएका बोलपत्रहरु मध्ये सारभुत रुपमा प्रभावग्रहीभई स्वीकृतिको लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ ।

**तपसिल :**

| सि. नं. | ठेक्का नं. | छनौट भएको फर्म | ठेगाना | कबोल अङ्क रु. (मु.अ.क. सहित) |
|---|---|---|---|---|
| १ | BRM/03/2078/079 | श्री उषा इन्टरप्राइजेज | राजविराज, सप्तरी | ४४०४९९९.९०/- |

**नि.प्रमुख प्रशासकीय अधिकृत**
बरियारपट्टी गाउँपालिका, सिरहा



**Rupa Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Rupakot,Kaski**
**Gandaki Province Nepal**

**Invitation for Bids**

**(Date of Publication: 2078/06/07)**

1. **Rupa Rural Municipality, Office of the Rural Municipal Executive, Rupakot,** kaski invites **e-bids for Sealed Quotation ( SQ )** and **National Competitive Bidding ( NCB )** under e-procurement system from eligible bidders for the procurement of *Goods mentioned below;*

| IFB No. | Contract ID No. | Description and location of work | Bid Document Fee (NRs) | Bid Security Amount (NRs) | Estimated Amount With VAT (NRs.) | Bid Security Validity Period (days from the date of bid Opening) |
|---|---|---|---|---|---|---|
| 1/RUPA/2078/2079 | 1/RUPA/NCB/GOODS/2078/2079 | PROCUREMENT, SUPPLY AND DELIVERY OF GABION BOX AT RUPA RURAL MUNICIPALITY | 3000 | 63,000.00 | 24,96,938.40 | 120 days |
| 2/RUPA/2078/2079 | 2/RUPA/NCB/GOODS/2078/2079 | PROCUREMENT, SUPPLY AND DELIVERY OF HDPE PIPES OF DIFFERENT SIZES AT RUPA RURAL MUNICIPALITY | 3,000 | 63,000.00 | 24,95,707.83 | 120 days |
| 3/RUPA/2078/2079 | 3/RUPA/SQ/GOODS/2078/2079 | PROCUREMENT AND SUPPLY OF HAIL NET FOR AGRICULTURE TUNNELS AT RUPA RURAL MUNICIPALITY | 1,000 | 29,000.00 | 11,41,155.36 | 75 days |
| 4/RUPA/2078/2079 | 4/RUPA/NCB/GOODS/2078/2079 | PROCUREMENT AND SUPPLY OF PLASTIC SHEETS FOR AGRICULTURE TUNNELS AT RUPA RURAL MUNICIPALITY | 3,000 | 1,48,000.00 | 59,18,451.84 | 120 days |

2. **Purchase, Submission and Opening:**

| Contract No. | Purchase of Bid | | Submission of Bid | | Opening of Bid | |
|---|---|---|---|---|---|---|
| | Date | Time | Date | Time | Date | Time |
| 1/RUPA/NCB/GOODS/2078/2079<br>2/RUPA/NCB/GOODS/2078/2079<br>4/RUPA/NCB/GOODS/2078/2079 | 2078/06/07<br>2021/09/23 | 00:00 | 2078/07/07<br>2021/10/24 | 12:00 | 2078/07/07<br>2021/10/24 | 13:00 |
| 3/RUPA/SQ/GOODS/2077/2078 | 2078/06/07<br>2021/09/23 | 00:00 | 2078/06/24<br>2021/10/10 | 12:00 | 2078/06/24<br>2021/10/10 | 13:00 |
| **Bank Name** | **Name of Office** | **Revenue Account No.** | | **Deposit Account No. ( Dharauti khata)** | | |
| Sunrise Bank Ltd., Deurali Branch, Rupa, kaski | Office of the Rural Municipal Executive, Rupa Rural Municipality, Rupakot, Kaksi | 0720518864703003 | | 0720518908703001 | | |

- Tender Procedures shall follow Public Procurement Act (1st Amendment, 2073) and Public Procurement Regulation (10th Amendment,2076).
- Bidders shall download the bidding documents and submit their bids electronically through e-procurement section of PPMO's website **http://bolpatra.gov.np/egp**, as specified in the Bid data sheet for provision of E-Bidding. Bidders should deposit the equivalent fee for bidding document in the above Revenue Account within the date and time specified above. Bids submitted in hardcopy for Sealed Quotation contract shall not be accepted.
- A new firm established by any person or manager of a firm or company that is blacklisted according to PPA will be ineligible to submit bids.
- The Employer reserves the right to accept or reject any bid, and to annul the process and reject all bids at any time to contract award.
- For further information, please refer to the PPMO's website as prescribed above. Any amendment in the notice or bid documents will be posted in notice board and website of this office or PPMO's website.

**Chief Administrative Officer**

"रुपाको पहिचान सबै क्षेत्रमा समृद्धिको अभियान"
**email:ruparumun@gmail.comWebsite: https://rupamun.gov.np**